Australian Government

COVID-19 VACCINATION

# चौथो COVID-19 खोपको बूस्टर डोज

०८ जुलाई २०२२

जाडो मौसममा प्राय:जसो COVID-19 जस्ता श्वासप्रश्वाससम्बन्धी भाइरसहरूबाट बढी संक्रमण हुन्छ। COVID-19 बाट गम्भीर रोगको उच्च जोखिममा रहेका मानिसहरूलाई COVID-19 विरुद्ध सबैभन्दा अधिक सुरक्षा प्रदान गर्न,थप COVID-19 विरुद्धको खोपको थप बूस्टर, वा चौथो डोज सिफारिस गरिन्छ। गम्भीर रूपमा इम्युनोकम्प्रोमाइज्ड (प्रतिरक्षा कमजोर) भएकाहरुका लागि यो पाँचौं डोज हुनेछ।

तपाइँ निम्न अवस्थाको हुनुहुन्छ भने तपाईंले चौथो डोज लगाउनु पर्छ:

- 50 वर्ष वा सो भन्दा बढी उमेर समुहका व्यक्ति
- वृद्धस्याहार वा अपाङ्गता स्याहार केन्द्रका बासिन्दा

अतिरिक्त बूस्टर डोज पनि सिफारिस गरिन्छ यदि तपाईं 16 वर्ष वा माथिको हुनुहुन्छ र निम्न अवस्थाको भएमा:

- रोग प्रतिरोध क्षमतामा असर भएका
- कुनै खास क्यान्सर भएका वा क्यान्सर बाट बाँचेका
- उपचार गर्नुपर्ने स्व-प्रतिरोदन रोग भएका
- फोक्सो, कलेजो वा मुटुजस्ता स्वास्थ्यसम्बन्धी दीर्घकालीन रोगहरू भएका
- औषधी सेवन गर्नुपर्ने मधुमेह भएका
- सामान्य वा जटिल स्वास्थ्य आवश्यकताहरू सहित अपाङ्गता भएका
- वजन एकदमै धेरै वा कम भएका।

30 देखि 49 वर्ष उमेरका मानिसहरूले चाहेमा चौथो डोज लगाउन सक्छन्।

यदि तपाईंलाई चौथो बूस्टर डोज लगाउनुपर्छ कि पर्दैन भन्ने निस्चित छैन भने डाक्टरसँग सल्लाह गर्नुहोस्।

यदि तपाईंले बूस्टर डोज लगाएको कम्तिमा **३ महिना** भइसकेको छ भने तपाईंले आफ्नो चौथो COVID-19 बिरुद्धको खोपको डोज लगाउन सक्नुहुन्छ।

तपाइँले आफ्नो COVID-19 बिरुद्धको खोप र इन्फ्लुएन्जा (influenza) बिरुद्धको खोप एकै समयमा लगाउन सक्नुहुन्छ।

यदि तपाईं हालसालै COVID-19 बाट संक्रमित हुनुभएको छ भने तपाईंले आफ्नो अर्को COVID-19 बिरुद्धको खोपको डोज लगाउनु अघि **३ महिना** पर्खन सिफारिस गरिन्छ।

थप जानकारीको लागि www.health.gov.au मा हेर्नुहोस् वा National Coronavirus Helpline को 1800 020 080 मा कल गर्नुहोस्। नि:शुल्क दोभाषे सेवाहरूको लागि विकल्प 8 चयन गर्नुहोस्।